# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. ४२६६

मिति २०७५/११/०९

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/११/०९ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..................
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

# नगर कार्यपालिकाको २५औं बैठकका निर्णयहरु

(फागुन ७ गते ६९औं राष्ट्रिय प्रजातन्त्र दिवस)

१. प्रस्तावित गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माणस्थलको वरिपरि शान्ति सुरक्षा एवं भवन मापदण्ड, सरसफाई, ढल व्यवस्थापन लगायतका विषयमा आवश्यक प्रक्रिया र समन्वयको लागि धुर्मुस-सुन्तली फाउण्डेसनबाट विभिन्न ४ बुँदामा अनुरोध भई आएको सम्वन्धमा बैठकलाई जानकारी भयो । सो सम्वन्धमा प्राविधिक एवं अन्य तयारीका साथ आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. भरतपुर महानगरपालिका वडा नं. १४ स्थित श्री राष्ट्रिय आधारभूत विद्यालय, शान्तिपुरको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार उक्त विद्यालयलाई निरन्तरता दिन समस्या भएकोले सो विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरिदिन अनुरोध भएको र राष्ट्रिय आधारभूत विद्यालय, हनुमाननगर र श्री राष्ट्रिय आधारभूत विद्यालय, शान्तिपुरको मिति २०७५।११।०४ को संयुक्त बैठक र राष्ट्रिय आधारभूत विद्यालय, हनुमाननगरको विद्यालय व्यवस्थापन समितिको मिति २०७५।११।५ को निर्णय तथा १४ नं. वडा समितिको मिति २०७५।११।५ को निर्णय प्रतिलिपि सहितको च. नं. १९६२ मिति २०७५।११।५ को सिफारिस पत्र अनुसार राष्ट्रिय आधारभूत विद्यालय, शान्तिपुरलाई शैक्षिक सत्र २०७६ देखि राष्ट्रिय आधारभूत विद्यालय, हनुमानगरमा समायोजन गर्न नगर शिक्षा समितिबाट सिफारिस भए अनुसार देहाय बमोजिम गर्ने गरी निर्णय गरियो ।

क. शैक्षिक सत्र २०७६ वैशाख १ गते देखि रा. आ. वि. शान्तिपुरलाई रा. आ. वि हनुमाननगरमा समायोजन गर्ने ।

ख. रा. आ. वि., शान्तिपुरको विद्यार्थी अभिलेख, वि. व्य. स. को माइन्युट, विद्यालय अनुमति पत्रहरु, शैक्षिक सामग्री, फर्निचर र आर्थिक श्रेस्ता, चेक, नगद २०७५ चैत्र मसान्तभित्र अभिलेख सम्वन्धी स्वामित्व र उत्तरदायित्व ग्रहण गर्ने गरी रा. आ. वि. हनुमाननगरमा अकर्ण बनाई हस्तान्तरण गर्ने ।

ग. रा. आ. वि., शान्तिपुरमा रहेको भौतिक संरचना र सो विद्यालयले भोगचलन गरेको जमिनको हकभोग तथा स्वामित्व भरतपुर महानगरपालिकामा रहने व्यवस्था गर्ने ।

घ. रा. आ. वि., शान्तिपुरको शिक्षक व्यवस्थापन शै. स. २०७५ को वार्षिक परीक्षाको नतिजा प्रकाशन पश्चात् गर्ने गरी शैक्षिक प्रशासन महाशाखाले नगर शिक्षा समितिमा पेश गर्ने ।

ङ. रा. आ. वि., शान्तिपुरको सम्पत्ति हस्तान्तरण लगायत समायोजन प्रक्रियामा सहजीकरण गर्न १४ नं. वडा अध्यक्षको संयोजकत्वमा दुवै विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु, भरतपुर महानगरपालिका, शैक्षिक प्रशासन महाशाखाका अधिकृत प्रतिनिधि र वडा अध्यक्षले मनोनित गरेका दुईजना स्थानीय शिक्षाप्रेमी तथा बुद्धिजिवी रहेको एक कार्यदल गठन गर्ने ।

च. यस सम्वन्धमा कुनै समस्या आइपरेमा नगर शिक्षा समितिको बैठकबाट निर्णय गरी टुंगो लगाउने ।

३. भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसर र मातहतका २९ वटै वडाक्षेत्रलाई सुर्तिजन्य पदार्थ मुक्त क्षेत्र घोषणा गर्ने निर्णय गरियो । त्यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्थानमा सूचनापार्टीहरू राख्नुका साथै जथाभावी प्रयोग तथा विसर्जन गर्ने कार्यलाई निरूत्साहन गर्न रु ५० देखि रु १०० सम्म जरिवाना गर्ने निर्णय गरियो । त्यसैगरी विद्यालय क्षेत्र, स्वास्थ्य क्षेत्र जस्ता संवेदनशील क्षेत्र वरपरको १०० मीटरको दुरीभित्र सुर्तिजन्य पदार्थ वेचविखनलाई निरुत्साहित गर्न सम्बन्धित निकायहरुको समन्वयमा आवश्यक सचेतनामूलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

४. चालु आर्थिक बर्षमा सामाजिक विकास महाशाखाबाट सञ्चालन हुने क्षमता विकास, सीप विकास र जोखिम समूहसँग सरोकार रहेका कार्यक्रमहरु कार्यान्वयनको तयारी सम्बन्धमा बैठकलाई जानकारी गराई रायसुझाव प्राप्त गरियो। साथै सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा संलग्न जनशक्तिलाई क्षमता विकासको कार्यक्रम यथासिघ्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा भत्ता वितरणका लागि एक वडामा एक बैंक मार्फत हुनुपर्ने कार्यविधिको व्यहोरा समेत बैठकमा जानकारी गराइयो ।

५. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र (वडा नं ९) र निर्माण सामाग्री प्रयोगशाला (वडा नं ५) को कार्य प्रारम्भ भएको सम्बन्धमा बैठकलाई जानकारी भयो ।

६. करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धि मन्त्रालयको परिपत्रको व्यहोरा बैठकमा जानकारी भयो ।

७. नवजागृति बृहत फनपार्क (बडा नं ११) लाई महानगरस्तरीय पार्कको रूपमा विस्तार गर्न भरतपुर महानगरपालिका, ११ नं. वडा कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित सामुदायिक वनको सहयोग र सहकार्यमा कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।

८. विश्वविद्यालय अनुदान आयोगले सार्वजनिक सूचना मार्फत नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालयको भौतिक पूर्वाधार निर्माण र संचालनका लागि उपयुक्त र विबादरहित सार्वजनिक पर्ति जग्गा खोजी गरेको सन्दर्भमा भरतपुर महानगरपालिका बडा नं. १५ (साविक शिवनगर- १/क र १/ख) को जग्गा उल्लेखित प्रयोजनका लागि उपयोग गर्न दिने निर्णय गरियो।

९. वुटवल नारायण सडक खण्डलाई एशियाली मापदण्ड बमोजिम निर्माण गर्नका लागि ठेक्का आव्हान भईसकेको अवस्थामा पूल्चोक गोन्द्राङ्ग (६.०८ कि.मि.) सडकलाई सोही मापदण्ड बमोजिम निर्माण कार्यलाई अगाडी बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

विविध निर्णयहरुः

१. भरतपुर महानगरपालिकाको स्वामित्वमा रहेको ना. १ क ७०५ नं. को Compactor ले बा. १६ च ७३८८ नं को निजी कारलाई बडा नं ६ को गणेशचोकस्थित सडक खण्डमा ठक्कर दिई दुर्घटनाग्रस्त भएको थियो। उक्त कारको Pinnacle Service Center बाट मर्मत गराउँदा प्राप्त विल बराबरको रकम रु. ५,६५,९९९.७७ (पौष लाख पैसठ्ठी हजार नौ सय उनान्सय रुपैया सतहत्तर पैसा) भुक्तानी भएकोमा सो रकमलाई अनुमोदन गर्ने निर्णय गरियो। साथै सम्बन्धित बीमा कम्पनीबाट क्षतिपूर्तिको लागि आवश्यक कागजात सहित दावी गर्ने र उक्त रकम प्राप्त भएपछि महानगरको खातामा जम्मा गर्ने व्यवस्था मिलाउनुका साथै घाइतेको उपचार खर्चको हकमा बीमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त भएपछि भुक्तानी गर्ने निर्णय गरियो ।

२. महानगरपालिकाबाट गठित कृषियोग्य जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिले हालसम्म स्थलगत अध्ययन गरी तयार पारेको प्रारम्भिक प्रतिवेदन बैठकलाई जानकारी भयो ।

३. भरतपुर महानगरपालिका अन्तर्गत वडा नं. १९ मा अवस्थित श्री किरण अमरजङ्ग गुरुङ्ग माध्यमिक विद्यालयमा कृषि, प्राविधिक शिक्षाको कक्षा संचालनको लागि आवश्यक भवन नभएको र मौजुदा भवन समेत अति जीर्ण भएको हुनाले रु. ४,९५,५५,१०७।३० (अक्षेरुपी चार करोड पन्चानब्ये लाख पचपन्न हजार एक सय सात रुपैया पैसा तीस) श्री किरण अमरजा गुरुङ्ग माध्यमिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माणका लागि यस महानगरपालिकामा वजेट अभाव रहेकोले भारतीय सरकारबाट प्रदान हुने साना विकास परियोजना अन्तर्गत सहयोग माग्ने निर्णय गरियो । कूल योजनाको २० प्रतिशत यस महानगरबाट व्यहोर्ने निर्णय गरियो । यस कार्यको लागि आवश्यक सहयोग एवं समन्वयका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

४. जगतबहादुर क्षेत्रीबाट भूलवश दोहोरो बुझाइएको सम्पत्ति कर रु. ३५७७/- (तीन हजार पाँच सय सतहत्तर। फिर्ता गर्ने निर्णय गरियो ।

५. कार्यपालिका सदस्य श्री चक्र रुचालको दाजु श्री कृष्णप्रसाद रुचालको असामयिक निधनमा परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै एक शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

२०७५।११।१०